# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०६।१७ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------

ईलाका प्रहरी कार्यालय, मैनापोखर, बर्दियाका कार्यालय प्रमुख प्रहरी निरीक्षक गणेशसिंह महताले स्थानीय महिला संजालकी अध्यक्ष मैया पौडेलसँग मिलेमतो गरी अनुसन्धानका लागि पक्राउ परेका ब्यक्तिलाई विभिन्न डर धम्की देखाई आफ्नो कार्यालय र ओहोदाले गर्नुपर्ने काम कारवाही नगरी पक्राउ परेका व्यक्तिहरुका आफन्तसँग घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल सम्पर्क कार्यालय नेपालगञ्जबाट खटिइ गएको टोलीले निजहरूलाई रु.३०,०००।-(तीस हजार) घुसबापतको रकम लिएको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निज प्रहरी निरीक्षक गणेशसिंह महताले निज मैया पौडेलसँग एकआपसमा मिलेमतो गरी डर त्रास देखाइ बार्गेनिङ्ग गरी, आफ्नो ओहदाले गर्नुपर्ने काम कारवाही नगरी सेवाग्राहीसँग घुस रिसवत माग गरी लिइ भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको हुँदा निजलाई बिगो रु.३०,०००।-(तीस हजार) कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१) को देहाय(ख) बमोजिम जरीवाना र कैद सजाय हुन साथै मैया पौडेलले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा(२) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निजलाई बिगो रु.३०,०००।-(तीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(२) को आधारमा सोही ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(मदन कोइराला)
उपसचिव एवं सहायक प्रवक्ता